अनुसूचि-१

**(दफा २ सँग सम्बन्धित)**

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पुंजीगत खर्च | बित्तिय व्यबस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | गाँउकार्यपालिका | ६६९८४.०० | १५९८२५.८१५ | संघीय सरकार, प्रदेश सरकार( वित्तिय समनीकरण तथा राजश्व बाँडफाँड), आन्तरिक आम्दानी र बैक मौज्दात | २२६८०९.८१५ |
| | | संघीय सशर्त | ११६३०.०० | | नेपाल सरकार, अन्य दातृ निकाय अनुदान | ११६३०.०० |
| | | प्रदेश शसर्त | २०७८.८ | | | २०७८.८ |
| **जम्मा** | | | | | | ३६३८९७.८१४ |

**नोट** : शसर्त रकममा चालु तथा पँजीगत खर्च शीर्षक नछुटी प्राप्त भएकोले एक मुष्ट समवेश गरिएको ।

प्रमाणिकरण मिति : १२ असार, २०७५

आज्ञाले,

रमेश विश्वकर्मा (सुनार)

प्रमुख प्रशासकीय अधिकृत



# स्थानीय राजपत्र

शैलुङ गाउँपालिकाद्धारा प्रकाशित

खण्डः२, संख्याः ३, १९,आषाढ,२०७५

## भाग-१

**शैलुङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय काटाकुटी,दोलखा**

**प्रदेश नं. ३, नेपाल**

**शैलुङ गाँउपालिकाको बिनियोजन ऐन,२०७५**

शैलुङ गाँउपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावनाः**

शैलुङ गाँउपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम शैलुङ गाँउपालिकाको गाँउसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " शैलुङ गाँउपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त गाँउकार्यपालिका, वडा समिति, विषयगत शाखा, शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.३६,३८,९७,८१४/- अक्षरुपी छत्तीस करोड अरतीस लाख सन्तनब्बे हजार आठ सय चौध मात्र) मा निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त शैलुङ गाउँपालिकाको गाँउकार्यपालिका, वडा समिति र विषयगत शाखा, शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।





(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाँउकार्यपालिका, वडा समिति र विषयगत शाखा, शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाँउकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूंजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाँउसभाको स्वीकृति लिनु पर्नेछ ।